प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दाङ

☎ ०८२-५६०१३०/५६००२५
ईमेल: akcdang@gmail.com
वेबसाईट: dang.akc.gov.np

## प्रस्ताव आह्वानको सूचना

### प्रथम पटक प्रकाशित मितिः२०७७/१०/२७

कृषि ज्ञान केन्द्र, दाङ्गको आ.व. २०७७/७८ स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले दाङ जिल्लाको ईच्छुक आवेदकहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०७७/११/२६ गते भित्र) यस कार्यालयमा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात र मापदण्ड यस कार्यालयको वेभसाईट dang.akc.gov.np वा molmac.p5.gov.np बाट सम्बन्धित कार्यक्रमको कार्यविधि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपशिल,

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु तथा मापदण्डहरु | आवेदकको किसिम | अनुदानको सीमा | कुल बजेट रु लाखमा | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|
| १ | सामाजिक परिचालन का लागि संघ संस्थासंगको सहकार्यमा कार्यक्रम सन्चालन | -जिल्ला स्थित कृषि विकास कार्यक्रम संचालनमा सहयोग गर्ने<br>-संस्थागत विकासमा सहयोग<br>-सूचना केन्द्र वा हेल्प डेस्कमा जनशक्ति व्यवस्थापन गरी सहयोग गर्ने<br>-समुदायमा सूचना प्रवाह र सचेतना फैलाउन सहयोग गर्ने<br>-कृषि विकास तथा सामाजिक परिचालनको क्षेत्रमा ३ वर्ष अनुभव भएको गैर सरकारी वा सामाजिक संस्था मार्फत कृषि विकास कार्यक्रम संचालनमा सहयोग गर्ने<br>- कृषि उत्पादन, स्वास्थ्य तथा सन्तुलित उपभोग, युवा उद्यमशिलता लगायत सामाजिक विकासका आयमहरु समेटिने गरी कार्यक्रम संचालन गर्ने | सामाजिक/ शैक्षिक संघ संस्था | प्रति संघ संस्था रु ६ लाख वा स्विकृत कार्ययोजनाको ५०% मध्ये जुन कम हुन आउछ | रु ६ लाख | -जिल्लास्तर कृषि विकास कार्यक्रम सञ्चालन विधि, २०७७ को अनुसूची २ बमोजिमको निवेदन र आवश्यक कागजातहरु<br>-अनुसूची-३ बमोजिमको कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा<br>-स्थानीय तहको सिफारिस पत्र |
| २ | आयमुलक कृषि वन प्रवर्द्धन कार्यक्रम | भौगोलिक सम्भाव्यताको तथा उपयुक्तताको आधारमा स्थान विशेष फलफूल, जडिबुटि, मसलाबाली, सुगन्धित वन पैदावार, अम्रिसो तथा डालेघास प्रजातीहरुमा आधारित आयमुलक कृषि वनहरुको विकास तथा प्रवर्द्धन | कानुन बमोजिम दर्ता भएका वन उपभोक्ता समूह | स्विकृत वजेटको परिधिमा रहेर कुल लागतको ५० % | रु १० लाख | -आयमुलक कृषि वन प्रवर्द्धन कार्यक्रम सन्चालन कार्यविधि २०७६ को अनुसूची १,२ र ३ अनुसारको आवश्यक कागजातहरु<br>-प्रस्तावित आयोजना स्थलसंग सम्बन्धित वन कार्यालयबाट अनुमती पत्र |

पुनश्चः थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०८२-५६०१३० वा सम्पर्क व्यक्ति कृषि प्रसार अधिकृत श्री विनोद सुनार (फोन नं. ९८६८६२६३४३) लाई सम्पर्क गर्नुहुन अनुरोध छ ।

"स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"

सन्देश धिताल
प्रमुख
अधिकृत स्तर (नवौं तह)